# इच्छाकामना गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं. ०७६।०७७
च.नं. ९४३

मितिः २०७६।९।१४

विषय : प्रस्तावना पेश गर्ने सम्वन्धमा ।

श्री सबै सामुदायिक विद्यालय
इच्छाकामना गाउँपालिका, चितवन ।

प्रस्तुत विषयमा आ.ब.२०७६।७७ को विद्यालय क्षेत्र विकास कार्यकम (SSDP) अर्न्तगत यस गाउँपालिकाबाट कार्यन्वयन गर्न प्राप्त हुन आएका तपशिलमा उल्लेखित कार्यकमहरु कार्यान्वयन गर्नका लागि पौष मसान्त भित्रमा यस कार्यालयमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । विद्यालयको आवश्यकताको आधारमा तोकिएको म्याद भित्र तपशिलका आवश्यक कागजात सहित प्रस्तावना पेश गर्न हुन सूचित गरिन्छ । साथै तोकिएको म्याद नाघि प्राप्त हुने प्रस्ताव उपर कुनै कार्वाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

तपसिल :

क) कार्यकमहरु

| क. सं. | कार्यक्रम शीर्षक | कोटा संख्या | प्रति इकाइ लागत | कैफियत |
|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन(फर्निसिङ, किताब खरिद तथा ई पुस्तकालय समेत) | १ | ६५००००। | |
| २ | माध्यमिक विद्यालय विज्ञान प्रयोगशाला अनुदान | १ | ६५००००। | |
| ३ | माध्यमिक विद्यालयमा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग(कम्प्युटर,इन्टरनेट,कनेक्टिभिटि इक्युप्मेन्ट तथा सामग्री खरिद अनुदान कोटा) | १ | ६५००००। | |
| ४ | कार्य सम्पादनमा आधारित अनुदान | २ | ५००००। | |
| ५ | उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढिकरणका लागि प्रोत्साहन अनुदान( मा.वि.) | १ | ३०००००। | |

०७६।०९।१४

शुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ६ | शिक्षकको शिक्षण सिकाइमा बिताउने समयावधि सुधार योजना(सबै विद्यालय) | ५१ | २०००। | |
| ७ | गणित विज्ञान र अँग्रेजी विषयका लागि कियाकलापमा आधारित सामग्री Kits अनुदान( आधारभूत तह कक्षा ६–८का लागी) | १ | ५०,०००। | |
| ८ | कक्षाकोठा (२कोठे ब्लक ) निर्माण अनुदान | ७ | रु.१६ लाख प्रतिविद्यालय | |
| ९ | WASH सुविधा भएको शौचालय | ३ | रु ७ लाख | |

ख) प्रस्तावना पत्र साथ पेश गर्नुपर्ने आवश्यका कागजात तथा सर्तहरु

१) कार्यक्रमअनुसारको अलग अलगै प्रस्तावना पेश गर्नुपर्ने छ ।

२) वि.व्य. स. को निर्णय अनिवार्य हुनुपर्ने छ ।

३) पुस्तकालय, विज्ञान प्रयोगशाला र सूचना प्रविधिका लागि अलग्गै कक्षा कोठाको व्यवस्था हुनुपर्ने छ ।

४) भवन र शौचालय निर्माणका लागि विद्यालयमा तोकिएको मापदण्ड वमोजिमको जग्गाको व्यवस्था हुनुपर्ने छ । साथै विद्यालयको विद्यालय सुधार योजना र वडा कार्यालयको सिफारिस अनिवार्य रुपमा समावेश गर्नुपर्ने छ ।

५) विगत वर्षहरुमा उक्त कार्यक्रम नपरेको हुनुपर्ने छ ।

पुनश्च : उल्लेखित कार्यक्रम विगत वर्षमा सबै माध्यमिक विद्यालयले प्राप्त गरिसकेको भएमा कक्षा ६देखि ८ सञ्चालित आधारभूत तहका विद्यालयलाई प्रस्तावना पत्रको आधारमा छनौट गरिने छ ।

सुकदेव लम्साल

प्रमुख प्रशासकीय अधिकृत

सुकदेव लम्साल

प्रमुख प्रशासकीय अधि...